नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
केन्द्रीय तथ्याङ्क विभाग
राष्ट्रिय आर्थिक गणना २०७५
जिल्ला आर्थिक गणना कार्यालय

फोन न.०४७-५२०१२८

प.सं. :- २०७४/०७५
च.न. 8

मिति :-२०७४/१२/०६

श्री हरिहरपुरगढी गाउँपालिका
कार्यालय

बिषय : सुचना प्रचारमा सहयोग गरि दिनु हुन ।

आर्थिक गणनाको करारमा गणक नियुक्ती सम्बन्धि तपशिल अनुसारको सुचना ताहाँ कार्यालयको सुचना पाटीमा टाँस गरि हुन आदेश अनुसार अनुरोध छ ।

**तपशिल**

**करार सेवामा गणक पदपूर्ति सम्बन्धी सूचना**

मिति २०७५ साल बैशाख १ गतेबाट शुरुहुने आर्थिक गणना, २०७५ को स्थलगत गणनाकार्यका लागि राष्ट्रिय आर्थिक गणना २०७५ को संगठन संरचना निर्देशिका २०७४ को दफा १४(ग) बमोजिम गणक पदमा करार नियुक्ति गर्नुपर्ने भएकाले तपशिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट यस कार्यालयबाट उपलब्ध हुने दरखास्त फाराम भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र रीतपूर्वकको दरखास्त फाराममा रु दशको हुलाक टिकट टाँसी पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

**पद:** गणक रा.प.अनं. द्वितीय **माग पद संख्या:** २२ बाइस जना
**काम गर्नुपर्ने स्थान:** सिन्धुली जिल्ला भित्रका तोकिएको विभिन्न गाउँपालिका / नगरपालिकाहरु
**करार अवधि:** २०७४/१२/२० गते देखि बढिमा २०७५/०३/०५ (२ महिना १५ दिन)
**आवश्यक न्युनतम योग्यता:**

१. **उमेरको हद:** दरखास्त बुझाउनु पर्ने अन्तिम दिन सम्म १८ बर्ष पुरा भई पैतालीस वर्ष ननाघेको ।
२. **शैक्षिक योग्यता:** कम्तीमा १०० पूर्णाङ्कको गणित वा तथ्याङ्क शास्त्र विषय लिई विज्ञान वा व्यवस्थापन वा मानविकी वा शिक्षा वा इन्जिनियरिङ वा वन विज्ञान संकाय अन्तर्गत प्रविणता प्रमाणपत्र तह वा दश जोड दुई तह उत्तीर्ण गरेको
३ **तलव सुबिधा:** रा.प.अनं. द्वितीय तहको शुरु तलव स्केल (भ्रमण खर्च फिल्ड भत्ता, भ्रमण भत्ता लगायत अन्य भत्ता नपाइने)
४. गणना कार्यमा विभिन्न स्थानमा हिडडुल गर्नु पर्ने भएको हुँदा सहज हिडडुल गर्न सक्ने शारिरिकरुपले तन्दुरुस्त हुनु पर्ने छ ।
५. गणना कार्य अन्तरवार्ता विधिबाट गरिने हुँदा नेपाली भाषामा स्पष्ट वार्तालाप गर्न सक्ने एवं नेपाली तथा अंग्रेजी दुबै भाषामा लेख्न सक्ने ।
६. **दरखास्त साथ पेश गर्नु पर्ने कागजात:** शैक्षिक योग्यताको प्रमाण पत्र, लब्धाँक पत्र, नागरिकाताको प्रमाणित प्रतिलिपि
७. **छनौट बिधि:** लिखित तथा अन्तरवार्ता (सम्पर्क मितिमा परिक्षा मिति र स्थान जानकारी गराईने)
८. **दरखास्त दिने स्थान:** तथ्याँक कार्यालय सिन्धुली
९. **दरखास्त दिने अन्तिम मिति:** २०७४/१२/१३ गते
**१०. सम्पर्क मिति:** २०७४/१२/१४ गते

स्वीकृत नामावली २०७४/१२/१४ गते प्रकाशन गरिनेछ, थप जानकारीका लागि सम्पर्क ०४७५२०१२८
दरखास्त फाराम कार्यालयको वेभ पेज https://sites.google.com/site/ecosindhuli/ मा उपलब्ध छ ।

**हरिहरपुरगढी गाउँपालिका**

दरखास्त फाराम कार्यालयको वेभ पेज
https://sites.google.com/site/ecosindhuli/ मा उपलब्ध छ । उक्त फाइललाई डाउनलोड गरी आवश्यक विवरण भरी कार्यालयको इमेल statistics.sindhuli@gmail.com मा आफ्नो आवेदन समय सिमा भित्र पठाउन सकिनेछ ।

- इमेल मार्फत आवेदन गर्ने आवेदकले बाह्र कक्षा वा प्रमाणपत्र तहको ट्रान्सकिप्ट, उत्तिर्ण प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र स्क्यान गरी आवेदन फाराम समेत स्क्यान गरी पठाउनु पर्नेछ ।
- यसरी आवेदन गर्दा इमेलको विषयमा "Application for Enumerator" उल्लेख गर्नु पर्नेछ । Android Phone प्रयोग कर्ताले CamScanner - Phone PDF Creator(Play store मा पाइने CS Scan) एप्लीकेशन प्रयोग गरी स्क्यान (फोटो खिचेर) गर्न सक्नु हुनेछ ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
केन्द्रीय तथ्याङ्क विभाग
राष्ट्रिय आर्थिक गणना २०७५
जिल्ला आर्थिक गणना कार्यालय
सिन्धुली